नेपाल सरकार
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
अनुगमन तथा मूल्याङ्कन शाखा

फोन ०१-४२००३२३
४२००३०८
फ्याक्स नं. ०१-४२००३२२

पत्र संख्याः- ०७४।७५
चलानी नं.:- ११

मिति :- २०७४।४।१५

श्री स्थानीय पूर्वाधार तथा कृषि सडक विभाग, पुल्चोक, ललितपुर।
श्री काठमाडौ/ललितपुर महानगरपालिका।
श्री काठमाडौं उपत्यकाका सबै नगरपालिकाहरू।
श्री जिल्ला समन्वय समिति, काठमाडौ, ललितपुर र भक्तपुर।

विषयः <u>निरन्तर प्रगति विवरण पठाउने सम्बन्धमा।</u>

सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७४/४/१ मा बसेको बैठकको निर्णयहरूको छायाँकपी यसैसाथ संलग्न छ। सो सम्बन्धमा यस मन्त्रालयको मिति २०७४।४।३ को पत्रबाट अनुरोध समेत गरिसकिएको व्यहोरा अवगत नै छ। आ-आफ्नो जिम्मेवारीमा रहेका कामहरू उल्लेखित निर्णयानुसार सम्पन्न गर्नु हुन तथा कामको प्रगति विवरण नियमित रूपमा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय (आर्थिक पूर्वाधार विकास महाशाखा) मा प्राप्त हुने गरी देहायको इमेलमा पठाई यस मन्त्रालयलाई समेत जानकारी दिनुहुन निर्देशानुसार अनुरोध छ।

- *chandraghimire@gmail.com*
- *regmi.damodar@gmail.com*
- *monitoringmofald2015@gmail.com*

..................................
(चक्रपाणि शर्मा)
उप-सचिव

**बोधार्थ :**
श्री सूचना तथा विद्युतीय शासन शाखा,
सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार। - मन्त्रालयको website मा राख्ने व्यवस्था हुन।

नेपाल सरकार
# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
आर्थिक तथा पूर्वाधार विभाग महाशाखा

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :-
च.नं. :- ६१।०७४-०७५।४४६

मिति २०७४/४/१०

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय
सचिवज्यूको कार्य कक्ष
दर्ता नम्बर :- १३२
दर्ता मिति :- ०७४/४/११

श्रीमान् सचिवज्यू,
संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सिंहदरबार ।

विषयः- प्रगती विवरण उपलब्ध गराउने सम्बन्धमा।

काठमाण्डौं उपत्यकाको पूर्वाधार विकास सम्बन्धमा सम्माननीय प्रधानमन्त्रीज्यूको अध्यक्षतामा मिति २०७४/४/१ मा बसेको बैठकले गरेका निर्णयहरूको कार्यान्वयनमा त्यस मन्त्रालय, मातहतका विभाग, आयोजना र स्थानीय तहबाट हाल सम्म भएको प्रगतीको एकमुष्ठ विस्तृत विवरण ३ (तीन) दिन भित्र उपलब्ध गराइदिने व्यवस्थाहुन निर्देशानुसार अनुरोध छ । साथै, सो सम्बन्धमा दैनिक सम्पन्न हुने गरेका कार्यहरू निम्न इमेल मा दैनिक रूपमा उपलब्ध गराइदिने व्यवस्था हुन समेत अनुरोध छ।

१. chandraghimire@gmail.com

२. regmi.damodar@gmail.com

(दामोदर रेग्मी)
सह-सचिव

म.
श्री अनुगमन शाखा
...
४/११

अनुगमन तथा मूल्यांकन महाशाखा
दर्ता नं. ९४
दर्ता मिति २०७४/०४/११

श्री अनुगमन शाखा
...
४/११

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८
४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०३८ पो.ब.नं. : २३३१२ काठमाडौं, नेपाल
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०२६, ४२११०२०, ४२११०४२, ४२१११०७
ई-मेल : info@nepal.gov.np
वेब साइट : http://www.opmcm.gov.np

**मिति २०७४ श्रावण ०१ गते काठमाडौं उपत्यकाको पूर्वाधार विकास सम्बन्धमा सम्माननीय प्रधानमन्त्री श्री शेरबहादुर देउवाज्यूको अध्यक्षतामा बसेको बैठकका निर्णयहरु:**

१. अन्तर मन्त्रालय/निकाय समन्वय र अनुगमनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको आर्थिक पूर्वाधार विकास हेर्ने सचिवको संयोजकत्वमा आयोजना कार्यान्वयनसंग सम्बद्ध निकाय/आयोजना प्रमुखहरु सम्मिलित एक विशेष संयन्त्रलाई सक्रिय तुल्याउने | उक्त संयन्त्रले कम्तिमा महिनाको एकपटक आयोजनाहरुको स्थलगत अनुगमन गर्ने र कार्यस्थलमै यथासम्भव समस्या समाधान गर्न निर्देशन दिने |

२. काठमाडौं उपत्यकाभित्र दुरावस्थामा रहेका सडकको यथाशीघ्र मर्मत सम्भार गर्ने, खाल्डा-खुल्डी पुर्ने | यसका लागि नपुग हुने साधनस्रोत सरकारले यथाशीघ्र उपलब्ध गराउने |

३. विभिन्न निकायहरुले एउटा निकायले सडक, टेलिकम, विद्युत, खानेपानीजस्ता सहरी पूर्वाधार निर्माण वा मर्मत सम्भार गर्दा भैरहेका सडक वा अन्य पूर्वाधारलाई सकभर क्षति नहुनेगरी कार्य गर्न सम्बन्धित निकायहरु समन्वय गर्ने |

४. खानेपानी, ढल, फोहोरमैला व्यवस्थापनलगायत क्षेत्रमा निजी क्षेत्रलाईसमेत आकर्षित गर्ने नीति लिने |

५. सहरी पूर्वाधार सम्बन्धी आयोजनाहरु संचालन गर्दा सम्भावित दुर्घटना हुन नदिन प्रभावकारी सुरक्षा मापदण्ड (safety-measures) तुरुन्त अपनाउने |

६. सम्बन्धित मन्त्रालयका सचिवहरुले आयोजना समयमा सम्पन्न गर्न र सम्भावित दुर्घटना रोक्न विशेष पहलकदमी गर्ने | यसका लागि विषयगत मन्त्रालयहरुबाट उच्चस्तरको अनुगमन निरन्तर गर्ने |

७. काठमाडौं उपत्यकाभित्र विभिन्न मन्त्रालय/निकायहरुबाट हाल संचालनमा रहेका आयोजनाहरुको कार्यान्वयनबाट आमनागरिकलाई धुलो, हिलो र असुरक्षा भएकोले त्यस्ता आयोजना द्रुततर रूपमा कहिलेसम्म सम्पन्न गर्ने हो, समयतालिका (Calendar) बनाई प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलाई सम्बन्धित मन्त्रालय/निकायहरुले ७ (सात) दिनभित्र उपलब्ध गराउने |

८. आयोजना कार्यान्वयन गर्दा Bidding Document र Contract Document बमोजिम कार्य सम्पन्न हुने व्यवस्था सम्बन्धित मन्त्रालयका सचिवले प्रत्याभूत गर्ने |

नेपाल सरकार